व्यास नगरकार्यपालिकाको २२० औं बैठक आज मिति २०८२/०४/०७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं.१४ | - श्री दुर्गा बहादुर आले | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८२/०३/२२ को कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: आ.व. २०८१/०८२ को आन्तरिक आयको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.३: शहरी शासकीय सुधार एवं पूर्वाधार विकास अन्तर्गत योजना छनौट सम्बन्धमा ।
प्रस्ताव नं.४: आ.व. २०८२/०८३ का योजनाहरु कार्यान्वयन कार्यतालिका सम्बन्धमा ।
प्रस्ताव नं.५: आ.व. २०८२/०८३ का लागि व्यास नगरपालिकाको दररेट निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं.६: विभिन्न कार्यविधिहरु संशोधन प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: व्यास नगरपालिका अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.८: दमौली सभाहल अण्डरग्राउण्ड पार्किङ्गमा गाडी विद्युतीय चार्जिङ्ग मेशिन राख्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: सम्पत्ति कर निर्धारण मापदण्डको विज्ञहरुसँगको अन्तर्क्रियात्मक बैठक सम्बन्धमा ।
प्रस्ताव .१०: व्यास नगरपालिका अन्तर्गत खाली कोठाहरु एवं अन्य विषयमा टेण्डर गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: घर नक्सा नियमन मापदण्ड एवं अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: समता विद्यालयमा रिक्त सुरक्षा गाडी नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.१३: निर्मल मा.वि.लाई कक्षा सञ्चालन अनुमती दिने सम्बन्धमा ।
प्रस्ताव नं.१४: अत्यावश्यक र विपद्जन्य काम सम्बन्धमा ।
प्रस्ताव नं.१५: भूमिहिन दलित तथा भुमिहिन सुकुम्बासीहरुको जग्गाधनी प्रमाण-पूर्जा वितरण सिफारिस सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/०३/२२ गते व्यास नगर कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरसभाबाट आर्थिक वर्ष २०८१/०८२ का लागि आन्तरिक आय रू.१८,००,००,०००। (अक्षेरुपी अठार करोड रुपैंयाँ) अनुमानित गरिएकोमा २०८२ असार मसान्तसम्म रू.१७,७७,२९,२८७।३४ (सत्र करोड सतहत्तर लाख उन्तीस हजार दुई सय सतासी रुपैंयाँ चौतीस पैसा) प्राप्त भई ९८.७४% लक्ष प्राप्त भएको हुँदा राजश्व परामर्श समिति, वडा समिति लगायत सम्पूर्ण कर्मचारी, करदाताहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यसै आर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने गरी नेपाल सरकार शहरी विकास मन्त्रालय, शहरी शासकीय सुधार एवं पूर्वाधार विभागबाट विश्व बैंकको सहयोगमा थप प्राप्त हुन आएको रू.१२ करोडबाट व्यास ५, ६ मा पर्ने महेन्द्री मार्ग र व्यास १३, १४ स्थित दमौली केशवटार मोटर मार्ग स्तरीकरणका लागि विस्तृत लागत योजना र वातावरण तथा सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न पूर्वाधार तथा योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८२/०८३ का लागि निर्धारित योजनाहरुको कार्यान्वयनका लागि उपभोक्ता समिति गठन, प्रशिक्षण, सम्झौता गर्ने अवधि र ठेक्का मार्फत गरिने योजनाहरुको प्रस्तावित निम्नानुसारको कार्यतालिका पारित गर्ने निर्णय गरियो ।

| सि.नं | क्रियाकलाप | समय |
|---|---|---|
| १ | उपभोक्ता समितिका पदाधिकारी/निर्वाचित जनप्रतिनिधि/वडाका कर्मचारीहरुलाई योजना कार्यान्वयन सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन/सम्पन्न | वि.सं. २०८२ साल भाद्र १५ देखि असोज मसान्तसम्म (वडा कार्यालयसँग समन्वय गरी गर्ने) |
| २ | क्रमागत योजनाहरु | सम्पूर्ण क्रमागत योजनाहरु २०८२ पौष मसान्त सम्म सम्पन्न गर्ने |

| | | |
|---|---|---|
| ३ | **उपभोक्ता समिति मार्फत सञ्चालन हुने वडा स्तरीय तथा नगर स्तरीय योजनाहरु :** | |
| क | उपभोक्ता समिति गठन | वि.सं.२०८२ भाद्र मसान्त भित्र |
| ख | लागत अनुमान तयार/स्वीकृत | वि.सं.२०८२ भाद्रदेखि कार्तिक मसान्त भित्र |
| ग | सम्झौता/पेश्की सिफारिस | वि.सं.२०८२ भाद्रदेखि मंसिर १५ भित्र |
| घ | फिल्डमा लाइन दिने कार्य | वि.सं.२०८२ भाद्रदेखि मंसिर मसान्त भित्र |
| ङ | अन्तिम मूल्याङ्कन, अनुगमन र भुक्तानी | वि.सं.२०८२ कार्तिकदेखि २०८३ बैशाख मसान्तभित्र |
| ४ | **नगर तथा वडा स्तरीय बोलपत्र मार्फत सञ्चालित योजनाहरु :** | |
| क | लागत अनुमान तयार/स्वीकृत | वि.सं. २०८२ भाद्र महिनादेखि कार्तिक १५सम्म |
| ख | सूचना प्रकाशित | वि.सं. २०८२ भाद्र महिनादेखि कार्तिकसम्म |
| ग | मूल्याङ्कन र ठेक्का सम्झौता | वि.सं. २०८२ असोज महिनादेखि मंसिर मसान्तसम्म |
| घ | लाइन दिने कार्य | वि.सं. २०८२ असोज महिनादेखि माघ १५ सम्म |
| ङ | अन्तिम मूल्याङ्कन,अनुगमन र भुक्तानी | वि.सं. २०८२ असोजदेखि २०८३ जेष्ठ मसान्तसम्म |
| ५ | **संघ र प्रदेश सरकार विशेष/समपूरक/सशर्त अनुदान तर्फका योजनाहरु :** | |
| क | लागत अनुमान तयार/स्वीकृत | वि.सं. २०८२ भाद्र महिनाको तेस्रो हप्तादेखि कार्तिक मसान्तसम्म |
| ख | सूचना प्रकाशित | वि.सं. २०८२ असोज महिनाको तेस्रो हप्तादेखि पौष मसान्तसम्म |
| ग | मूल्याङ्कन र ठेक्का सम्झौता | वि.सं.२०८२ कार्तिक महिनाको दोस्रो हप्तादेखि पौष मासान्तसम्म |
| घ | लाइन दिने कार्य | वि.सं. २०८२ कार्तिक महिनाको तेस्रो हप्तादेखि माघ १५ सम्म |
| ङ | कार्यसम्पन्न मूल्यांकन, अनुगमन र भुक्तानी | वि.सं. २०८२ माघ महिनादेखि २०८३ अषाढ १५ सम्म (बहुवर्षीय योजनाको हकम २०८२ चैत्र मसान्तसम्म) |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८२/०८३ का लागि तनहुँ जिल्लाबाट निर्धारित दररेटलाई नै व्यास नगरपालिकाको दररेट निर्धारण गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा ४३ औं नगर सभाबाट पारित प्रस्ताव एवं अन्य ऐनहरु अनुसार व्यास नगरपालिका अन्तर्गत कार्यान्वयनमा रहेका कल्याणकारी विज्ञापन, विपन्न आर्थिक सहयोग लगायतका विभिन्न कार्यविधिहरु संशोधन गर्न आवश्यक देखिएकाले आगामी बैठकमा प्रस्ताव पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत मूल कार्यालय, वडा कार्यालयमा कार्यरत प्राविधिक समेतका कर्मचारीहरुको कार्यसम्पादनको विस्तृत समीक्षा गरियो । सुशासन समितिको परामर्श लिई कर्मचारीहरुको कामकाजको व्यवस्थापन मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट सञ्चालनमा रहेको दमौली सभाहलको अण्डरग्राउण्ड स-शुल्क पार्किङ्गमा विद्युतीय गाडीहरुको संख्या बढेकाले विद्युतीय गाडीलाई चार्ज गर्ने सुविधा प्रदान गर्ने विषयमा ७ दिनभित्र राय प्रतिवेदन दिन पूर्वाधार विकास समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा एशियाली विकास बैंकको सहयोगमा यस नगरपालिकाको आन्तरिक आय एवं योजनावद्ध विकास अभियान सशक्तीकरण परियोजना अन्तर्गत विज्ञहरुसँगको परामर्श बैठक मिति २०८२/०४/०८ गते विहान ११:०० बजे नगरपालिका बैठक कक्षमा हुने

भएकाले सम्पूर्ण कार्यपालिका पदाधिकारी एवं सदस्यहरु राजश्व परामर्श समिति सदस्य र सम्बन्धित शाखा कर्मचारीहरुलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत बहुउद्देश्यीय भवनमा खाली हुन गएका कोठाहरुमा दररेट कायम गरी भाडामा लगाउन खुल्ला प्रतिष्पर्धा गर्नुपर्ने हुँदा नियमानुसार टेण्डर गर्न र वातावरण शुल्क, छाब्दी बसपार्क, वि.पी. खेलमैदान भएको कभर्डहल, छाब्दी बसपार्क, मासु बजारमा रहेको शौचालय, घुम्ती शौचालय समेतमा टेण्डर गर्नुपर्ने देखिंदा राजश्व परामर्श समितिको सिफारिस अनुसार निम्नानुसार टेण्डर गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**(क) बहुउद्देश्यीय भवनका खाली कोठाहरुको न्यूनतम भाडा दर :**

| क.सं. | कोठा नं. | न्युनतम भाडा दर | कैफियत |
|---|---|---|---|
| १. | ११३ | २१,३८४।- | |
| २. | ११९ | १६,७०७६० | |
| ३. | १२० | १६,७०७६० | |
| ४. | यु-३ | ६२,५००।- | एन.एम.वि. बैंक भएको (२ वटा कोठा बाहेक) |

**(ख) वातावरण शुल्क, बसपार्क, कभर्डहल, शौचालयको न्यूनतम दर :**

| क.स | ठेक्का विवरण | न्यूनतम रकम कर बाहेक (वार्षिक) |
|---|---|---|
| १. | वातावरण शुल्क | १,०५,००,०००।- |
| २. | छाब्दी बसपार्क | ३,१५,०००।- |
| ३. | माछा मासु बजारमा रहेको शौचालय | २,००,०००।- |
| ४. | वि.पी. वनवाटिकामा रहेको कभर्डहल | १,२०,०००।- |
| ५. | घुम्ती शौचालय | ३६,०००।- |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत निर्माण हुने र निर्माण भइसकेका व्यक्तिगत वा सार्वजनिक संस्थागत भवनहरुको नगर सभाबाट पारित मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने र उक्त मापदण्ड लागु गर्न निम्नानुसार घरनक्सा मापदण्ड कार्यान्वयन एवं अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक – श्री इन्दिरा दरै – उपप्रमुख
(२) सदस्य – श्री काशीराम गैरे – प्रमुख प्रशासकीय अधिकृत
(३) सदस्य – श्री काशीराम श्रेष्ठ – वडा नं. २ का वडा अध्यक्ष
(४) सदस्य – डा. राजु पौडेल – पूर्वाधार तथा योजना शाखा प्रमुख
(५) सदस्य-सचिव – श्री अमृत के.सी. – भवन नियमन तथा भुमि व्यवस्थापन शाखा प्रमुख

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ७ शेषमटारस्थित समता विद्यालयमा कार्यरत सुरक्षा गाडी १ जनाले राजिनामा दिई रिक्त हुन आएको स्थानमा विद्यालय व्यवस्थापन समितिको अनुरोध अनुसार व्यास नगर प्रहरी नियमावली बमोजिम छनौट गर्न शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ भादगाउँ हाइस्कुलटारमा रहेका निर्मल मा.वि.मा शैक्षिक वर्ष २०८२ देखि सञ्चालन हुने गरी होटल व्यवस्थापन सम्बन्धमा पूर्वाधार रहेको भनी शिक्षा, युवा तथा खेलकुद शाखाबाट सिफारिस भई आएकाले कक्षा सञ्चालन अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा तत्काल सम्बोधन गर्नुपर्ने विषयहरु र विपदजन्य कार्यमा निम्नानुसार बजेट विनियोजन गर्ने निर्णय गरियो । साथै सम्बन्धित वडाहरुबाट विनियोजित शीर्षक

अन्तर्गतका कार्यहरु सम्बन्धित वडा बजेटबाट र वडा अन्तर्गत नरहेका विषयमा मात्र नगरस्तरीय बजेट शिर्षकबाट रकम विनियोजन गर्ने गराउने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | सबिना न्यौपाने, उच्च शिक्षा अध्ययन सहयोग | १ | २५,०००।- | ८२ |
| २. | अर्जुन मगर, जटिल उपचार सहयोग | ३ | ३०,०००।- | ५८ |
| ३. | मोहनमाया थापाको घर आगलागी विपद मर्मत सहयोग | ५ | २०,०००।- | (वडा) विपद् |
| ४. | जनआन्दोलनका घाइते पूर्णचन्द्र खनाल, उपचार सहयोग | ५ | २५,०००।- | ५८ |
| ५. | टिका बहादुर गुरुङ्ग, छापथोक जटिल उपचार सहयोग | ७ | ३०,०००।- | ५८ |
| ६. | युवराज गुरुङ्ग क्यामिन सामली | ७ | २५,०००।- | ५८ |
| ७. | बगुवा जोड्ने रिस्ती खोला झोलुङ्गे पुल मर्मत समेत | ८ | १,२५,०००।- | (वडा) विपद् |
| ८. | रिस्ती पारिडिही कालिका मन्दिर निर्माण | ८ | ५०,०००।- | ९४० |
| ९. | ललित बहादुर घर्ती, उपचार सहयोग | ९ | २५,०००।- | ५८ |
| १०. | कृष श्रेष्ठ, उपचार सहयोग | १० | २०,०००।- | ५८ |
| ११. | दुम्सीचौर रिङ्गरोड पाइप लाइन खन्दा विग्रीएको बाटो ग्राभेल | १० | ३०,०००।- | ३८६ |
| १२. | कालिकाडाँडा बाटो निर्माणमा नारायण कुँवर घर संरक्षण | १० | २०,०००।- | (वडा) विपद् |
| १३. | विन्दु मल्ल, उपचार सहयोग | १२ | २०,०००।- | ५८ |
| १४. | कुलुङ्क माझथर अन्तमान दर्जी, आगलागी विपद् सहयोग | १४ | २०,०००।- | (वडा) विपद् |
| १५. | आदिवासी जनजाती दिवस कार्यक्रम सहयोग | | १,५०,०००।- | ६९ |
| १६. | व्यास जन्मभूमिमा राष्ट्रिय शाही केन्द्रद्वारा आयोजित महारुद्री कार्यक्रम सहयोग | | २,००,०००।- | ६९ |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१४ को निम्नानुसारका भूमिहिन दलित र भूमिहिन सुकुम्बासीका लागि जग्गाधनी प्रमाण-पूर्जा वितरण गर्न सम्बन्धित वडा र नगर सहजीकरण समितिबाट सिफारिस भई आएकाले सो सूची अनुमोदन गरी निम्नानुसार जग्गाधनी प्रमाण-पुर्जा वितरण गरिदिनु हुन जिल्ला भूमी समस्या समाधान आयोग तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

(१) श्री विश्व कुमार बुढा परियार – व्यास १४ भूमिहिन दलित
(२) श्री राजु सुनार – व्यास १४ भूमिहिन दलित
(३) श्री मनराज थापा – भूमिहिन सुकुम्बासी
(४) श्री टेककुमार श्रेष्ठ – भूमिहिन सुकुम्बासी
(५) श्री मेखबहादुर गुरुङ्ग – भूमिहिन सुकुम्बासी
(६) श्री लालबहादुर आले – भूमिहिन सुकुम्बासी
(७) श्री आइतीमाया आले – भूमिहिन सुकुम्बासी

***